सुनिलस्मृती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सुलिचौर, रोल्पा

प.सं:कृ.शा-२०८२/०८३

लुम्बिनी प्रदेश, नेपाल

च.नं:सूचना नं. १५

## ५०% अनुदानमा कृषि उत्पादन सामाग्री वितरण सम्बन्धी सूचना!

**प्रथम पटक प्रकाशित मितिः** २०८२/०५/०८

सुनिलस्मृति गाउँपालिका कृषि विकास शाखाको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम **"५०% अनुदानमा कृषि उत्पादन सामाग्री वितरण कार्यक्रम"** अन्तर्गत प्लाष्टिक टनेल, थोपा सिंचाई सेट, मल्चिङ्ग प्लाष्टिक, स्प्रेयर, क्यारेट, सिचाई हजारी आदि सामाग्रीहरु वितरण गर्ने कार्यक्रम रहेको हुदाँ यस गाउँपालिका भित्रका व्यवसायिक रुपमा तरकारी खेती गरिरहेका कृषकहरुले आफुलाई आवश्यक परिमाण खुलाई यो सूचना प्रकाशन भएको मितिले १५ दिन (मिति २०८२/०५/२२ गते कार्यालय समय) भित्र सम्बन्धित वडा कार्यालय वा कृषि विकास शाखामा तपसिलमा उल्लेखित कागजात सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। थप जानकारीको लागि यस गाउँपालिकाको कृषि विकास शाखा वा ९८६४३३६४७९, ९७४५४०८०८० मा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ।

<u>तपसिलः</u>

१) निवेदन (तोकिएको ढाँचामा),

२) नागरिकता प्रमाणपत्रको प्रतिलिपी,

३) व्यवसाय दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपी, स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपी, गत आ.व को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी।

४) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

२०८२/०५/०८

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

**नोटः** व्यवसायिक रुपमा तरकारी खेती गरिरहेका कृषकहरुलाई प्राथमिकता दिईनेछ।


ईमेलः info@sunilsmritimun.gov.np, ito@sunilsmritimun.gov.np वेवसाइटःsunilsmritimun.gov.np फोन नः ०८६४०११५२,७०

# निवेदनको ढाँचा

मिति: २०८२/०५/...... गते

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सुनिलस्मृति गाउँपालिका,
सुलिचौर, रोल्पा।

विषयः कृषि सामाग्री माग गरिएको सम्बन्धमा।

प्रस्तुत विषयमा सुनिलस्मृति गाउँपालिका कृषि विकास शाखाको मिति २०८२/०५/०८ गते प्रकाशित सूचना **"५०% अनुदानमा कृषि उत्पादन सामाग्री वितरण कार्यक्रम"** अनुसार सुनिलस्मृति गाउँपालिका.........नं वडा ..........................गाउँ/टोलमा निवासी/रहेको म/हामी............................. ..........................................लाई तपसिलमा उल्लेखित परिमाणमा कृषि उत्पादन सामाग्री उपलब्ध गराईदिनु हुन निवेदनका साथ अनुरोध छ।

<u>तपसिल:</u>

| क्र. स. | विवरण | एकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | प्लाष्टिक टनेल | | | |
| २ | थोपा सिँचाई सेट | | | |
| ३ | मल्चिङ्ग प्लाष्टिक | | | |
| ४ | स्प्रेयर | | | |
| ५ | क्यारेट | | | |
| ६ | सिँचाई हजारी | | | |

<u>निवेदक:</u>
दस्तखत:
नाम:
ठेगाना:
सम्पर्क नं